फोन नं. ०२९-४२०१३३
फ्याक्स नं. ०२९-४२०७३०

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

भोजपुर

## *निषेधाज्ञा सम्बन्धि अत्यन्त जरुरी सूचना*

हाल कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण यस जिल्लामा समेत तिव्र रुपमा फैलिरहेकोले स्थितिं भयावह हुन सक्ने सम्भावनालाई मध्यनजर गरी कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि मिति २०७८/०१/२८ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकको निर्णयानुसार यस जिल्ला भर लागु हुने गरी मिति २०७८/०१/२९ गते राति १२ बजे देखि मिति २०७८/०२/१२ गते मध्यरातको १२ वजेसम्म देहाय अनुसारको निषेधज्ञा जारी गरिएको छ। यो आदेशको उल्लङ्घन भए गरेको पाईएमा संक्रामक रोग नियन्त्रण ऐन, २०२० तथा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ।

<u>देहायः-</u>

- अत्यावश्यक काम बाहेक घरवाट बाहिर ननिस्कने।
- विश्व स्वास्थ्य संगठनले तोकेको कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य सुरक्षाका मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने/गराउने।
- सभा, जुलुस, ऱ्याली, भेला, जमघट, गोष्ठी, सेमिनार, सभा सम्मेलन, जात्रा, पर्व, धार्मिक तथा साँस्कृतिक कार्यक्रम, खेलकुद जस्ता भीडभाड हुने कार्यहरु नगर्ने।
- अनिवार्य रुपमा सामाजिक तथा भैतिक दुरी कायम गर्ने।
- प्रत्येक व्यक्तिले मास्क/सेनिटाइजरको अनिवार्य प्रयोग गर्ने/साबुन पानीले हात धुने।
- औषधी पसल बाहेक अन्य सवै शैक्षिक संस्थाहरु/पसल/सवै प्रकारका व्यवसायहरु/उद्योग/कलकारखाना/निर्माण कार्यस्थल/होटल/चिया चमेना गृह/तालिम केन्द्र/वस स्टप/जिल्ला स्थित गैरसरकारी/निजी कार्यालयहरु/संघसंस्थाहरु बन्द गर्ने। तर खाद्यान्न तथा तरकारी पसलहरु भने हरेक दिन विहान ६ वजे देखि ९ वजेसम्म मात्र खुल्ला गर्ने।
- नेपाल रेडक्रस सोसाइटी जस्ता स्यंमसेवी संस्थाहरु र अत्यावश्यक सेवा अन्तर्गत टेलिकम, खानेपानी तथा विद्युत आपूर्ति सम्बन्धी सेवा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरी यथावत सञ्चालन गर्ने।
- सरकारी कार्यालयहरु यथावत सञ्चालन हुने तर सकेसम्म २५% कर्मचारीहरुवाट आलोपालो मिलाई अत्यावश्यक सेवामात्र प्रवाह गर्ने।
- जिल्ला स्थित बैंकहरु विहान ११ बजे देखि दिउँसो २ बजेसम्म स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरुपमा पालना गरी संचालन गर्ने।

फोन नं. ०२९-४२०१३३
फ्याक्स नं. ०२९-४२०७३०

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भोजपुर

- केवुल नेटवर्क/डिसहोम/इन्टरनेट सेवा प्रदायक संस्थाहरु स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी अत्यावश्यक परेको अवस्थामा मात्र सञ्चालन गर्न दिने।
- मठ-मन्दिर/चर्च/गुम्बा जस्ता धार्मिक स्थलहरु बन्द गर्ने।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा सम्बन्धित पालिकामा सम्पर्क गर्ने।
- जिल्ला भित्रका आयोजना सञ्चालनको हकमा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रवाट मिति २०७८/०१/२१ गतेको बैठकवाट भएको निर्णय बमोजिम गर्ने।
- स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी एम्बुलेन्स/बिरामी बोक्ने साधन/शव बाहन यथावत सञ्चालन गर्ने।
- स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी औषधी ढुवानी/निर्माण सामाग्री ढुवानी/खाद्यान्न ढुवानी/पेट्रोलियम पदार्थ ढुवानीका साधनहरु सञ्चालन गर्ने। उक्त साधनका चालक/सह-चालकहरुलाई सवारी साधनवाट बाहिर ननिस्कि मालसामान लोड/अन्लोडको प्रवन्ध र सम्बन्धित सवारी साधनका चालक र सह-चालकलाई खाजा खानाको प्रवन्ध माल सामान धनीले मिलाउने।
- स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी रेस्क्यू फ्लाईट(चार्टर्ड फ्लाईट) तथा खानेपानी/टेलिफोन/इन्टरनेट/विद्युत आपूर्ति गर्ने जस्ता अत्यावश्यक सवारी साधनहरु यथावत सञ्चालन गर्ने।
- नेपाल सरकारका कर्मचारी/सार्वजनिक संस्थान/बैंक/अत्यावश्यक सेवामा कार्यरत कर्मचारीहरुले प्रयोग गर्ने निजी सवारी साधनको हकमा सम्बन्धित कार्यालयले जारी गरेको परिचय-पत्रको आधारमा आवतजावत गर्ने।
- संचारकर्मीको हकमा सूचना संकलन तथा संप्रेषण गर्न सूचना विभाग/नेपाल पत्रकार महासंघले जारी गरेको परिचय-पत्रको आधारमा आवतजावत गर्ने।

कृष्ण प्रसाद भण्डारी
प्रमुख जिल्ला अधिकारी

मितिः-२०७८/०१/२८